श्री ५ को सरकार

पञ्चायत मन्त्रालयको

सूचना

श्री ५ को सरकारले मिति २०३१।५।१२ को निर्णयानुसार यस मन्त्रालयको रिक्त उप-सचिव पदमा शा.अ. श्री पुरुषोत्तमप्रसाद रेग्मीलाई बढीमा ३ (तीन) महीनाको लागि सोही मितिदेखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले-
जङ्गबहादुर चन्द
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

पञ्चायत मन्त्रालय

दुर्गमक्षेत्र एवं स्थानीय विकास विभागको

सूचना

यस विभागका उप-निर्देशक श्री शन्तबहादुर राई विदेशमा अध्ययन भ्रमणमा जानुभएकोले उहाँ फर्की नआएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले बडालेखापाल श्री शिवमान श्रेष्ठलाई मिति ०३१।५।१२ देखि कायम मुकायम मुकरर गरेको छ।

तारादेव भट्टराई
महा–निर्देशक

५५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार